ネパール語

潤水都市 さがみはら

**२०२४ साल**

# रात्रि जुनियर हाई स्कूलमा भर्ना खुल्यो

## सागामिहारा शहर ओनो मिनामी जूनियर हाई स्कूल शाखा स्कूल

स्थान: कानगावा प्रिफेक्चरको कानागावा व्यापक औद्योगिक उच्च विद्यालय भित्र
(सागामिहारा शहर, मिनामी-कु, बुन्क्योउ१-११-१)

**ई.सं. २०२२ साल एप्रिलमा स्थापित**



## आवेदकहरुका लागि सूचना सेसन (Nyuugaku-kibousha-setsumei-kai) को आयोजना

| | |
|---|---|
| **पहिलो पटक** | २०२३ साल जुलाई १४ तारिक (शुक्रबार) साँझ ६ बजे |
| **दोस्रो पटक** | २०२३ साल सेप्टेम्बर ५ तारिक (मंगलबार) साँझ ६ बजे |
| **तेस्रो पटक** | २०२३ साल अक्टोबर ४ तारिक (बुधबार) साँझ ६ बजे |
| **चौथो पटक** | २०२३ साल अक्टोबर १३ तारिक (शुक्रबार) साँझ ६ बजे |

**रात्रि हाई स्कूलमा भर्ना हुन चाहनेहरूको लागि आवेदकहरूको लागि सूचना सत्रहरूको आयोजना गरिनेछ। कानागावा प्रान्तका सहर, सहर र गाउँहरू (योकोहामा र कावासाकी बाहेक) का बासिन्दाहरूले भाग लिन सक्छन्।**

※मिडियासँग अन्तर्वार्ता एक पटक मात्र सम्भव छ।

**स्थान: सागामिहारा शहर ओनो मिनामी जुनियर हाई स्कूल शाखा कक्षा** (कानागावा प्रिफेक्चरल कानागावा व्यापक औद्योगिक हाई स्कूल)

※भर्ना हुन चाहने व्यक्तिले चार पटक आयोजना गरिने सेमिनार मध्य कुनै एकमा भाग लिनु पर्छ।

※यदि तपाईं यी मध्ये कुनै पनिमा भाग लिन सक्नुहुन्न भने, कृपया सागामिहारा शहर शिक्षा बोर्डलाई सम्पर्क गर्नुहोस्।

※ब्रीफिंग सत्रमा भाग लिन अग्रिम आवेदनको आवश्यक हुन्छ। (पछाडि हेर्नुहोस्)
कृपया आफैं वा तपाईंको साथीबाट आवेदन दिनुहोस्।

※यदि तपाइँलाई अनुवादक चाहिन्छ भने, कृपया आवेदनको समयमा हामीलाई सम्पर्क गर्नुहोस्।




| | | |
|---|---|---|
| Night Junior High School<br>Escuela Secundaria Nocturna<br>Junior High School para sa gabi<br>初中夜校<br>야간 중학 | 夜間中学 (やかんちゅうがく) | Escola Ginasial Noturna<br>Trường trung học cơ sở ban đêm<br>रात्रि कनिष्ठ उच्च विद्यालय<br>रात्री जुनियर हाई स्कूल<br>អនុវិទ្យាល័យពេលយប់<br>มัธยมศึกษาตอนต้นภาคค่ำ |



## प्रवेशका आवश्यकताहरू

भर्नाका लागि योग्य हुनेहरू स्कूल जाने उमेर भन्दा बढी भएका (२००९ साल अप्रिल १ तारिक सम्ममा जन्मिएका व्यक्ति ) हुन् र निम्न १ देखि ३ मध्य कुनैमा मेल खाएको हुन पर्दछ।

१. अनिवार्य शिक्षा पूरा नगरीकन स्कूलको उमेर पार गर्नेहरू
२. विभिन्न कारणहरुले गर्दा पर्याप्त शिक्षा प्राप्त गर्न नसकी जूनियर हाई स्कूलबाट स्नातक गर्नेहरू
३. जो विदेशी नागरिक हुन् र उनीहरूले जापानको अनिवार्य शिक्षा बराबरको शिक्षा प्राप्त गरेका छैनन्।

## रात्रि जुनियर हाई स्कूल भनेको यस्तो स्थान हो

- यो एक सार्वजनिक जुनियर हाई स्कूलको रात्रि कक्षा हो।
- कुनै शिक्षण शुल्क लाग्दैन। पाठ्य पुस्तकहरु पनि नि: शुल्क पाइन्छ।
- जुनियर हाई स्कूल लेबलको प्रत्येक विषयमा पढाइ हुन्छ।
- कक्षाहरू शाँझको ५ बजे तिर बाट सुरू हुन्छ र रातिको ९ बजे तिर अन्त हुन्छ। सोमबार देखि शुक्रवार सम्म प्रत्येक दिन पढाइ हुन्छ।
- रात्रि जुनियर हाई स्कूलको अध्ययन पूरा गरेपछि, तपाईं जुनियर हाई स्कूल स्नातक योग्यता (डिप्लोमा) प्राप्त गर्न सक्षम हुनु हुनेछ।

## रात्रि जुनियर हाई स्कूलको एक दिनको

| | |
|---|---|
| १६:२५ - १७:१० | पूर्व-प्रारंभ कक्ष (इक्षुक्हरुको लागि मात्र) |
| १७:१५ - १७:२० | पहिलो बैठक |
| १७:२५ - १८:१० | पहिलो कक्ष (४५ मिनेट) |
| १८:२० - १९:०५ | दोश्रो कक्ष (४५ मिनेट) |
| १९:१५ - २०:०० | तेश्रो कक्ष (४५ मिनेट) |
| २०:१० - २०:५५ | चौथो कक्ष (४५ मिनेट) |
| २०:५५ - २१:०० | अन्तिम बैठक |



## आवेदकहरूको लागि सूचना सत्र (Nyuugaku-kibousha-setsumei-kai) को बारेमा

### १ सूचना सत्रको सामग्री

(१) सागामिहारा शहर शिक्षा बोर्डको अभिवादन
(२) रात्रि जुनियर हाई स्कूलको विवरण
(३) Q&A
(४) व्यक्तिगत परामर्श

### २ अग्रिम आवेदनको बारेमा

(१) कसरी आवेदन गर्ने

- फोन वा स्थालबाट
  शनिवार आइतवार बाहेक बिहान ९ बजे देखि साँझ ५ बजे सम्म खुल्ने छ ।
- फ्याक्स वा ई-मेल को लागी English available
  कृपया तलका सूचनाहरू भर्नुहोस् र पठाउनुहोस्।
  (१) प्रवेशका लागि आवेदकको नाम (२) ठेगाना (३) टेलिफोन नम्बर
  (४) सहभागि हुन चाहने शंख्या ((५) साथी भएको खण्डमा साथीको नाम)
  (६) तपाईलाई अनुवादक चाहिन्छ या चाहिदैन !
  ※ सिद्धान्त अनुसार, एक जाना साथीलाई मात्र अनुमति दिईने छ।

(२) आवेदन अवधि

२०२३ साल जुलाई ३ तारिक (सोमबार) – अक्टोबर ११ तारिक (बुधबार)
※ आवेदनहरू प्रत्येक सेमिनारको मिति भन्दा अघिल्लो दिन सम्म स्वीकार गरिनेछ।

## [भर्ना हुने सम्मको फ्लो]

१ संक्षिप्त सत्रमा भाग लिनुहोस् (कुनै एउटामा भाग लिनुहोस्) (७/१४, ९/५, १०/४, १०/१३)

▼

२ स्थानीय सरकार संग पूर्व परामर्श

▼

३ भर्नाको लागि आवेदन फारमको तयारी

▼

४ सागामिहारा सिटीमा भर्नाको लागि आवेदन बुझाउनुहोस् (अक्टोबरको अन्त्यसम्म)

ट्रायल भर्ना (आवेदकहरूको लागि)
(१०/३०, १०/३१, ११/१, ११/२)

५. विद्यालयमा अन्तर्वार्ता (नोभेम्बर महिना भित्र)

▼

६ अन्तर्वार्ताको परिणाम पठाउछौ → भर्ना निर्णय गरिनेछ



## आवेदन / सोधपूछ

सागामिहारा शहर शिक्षा बोर्ड स्कूल शिक्षा डिभिजन
TEL：042-704-8918　FAX：042-758-9036
ई-मेल：gakkokyouiku@city.sagamihara.kanagawa.jp